सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक

# ज्योती जागरण

Jyoti Jagran Daily

जि.प्र.का.पर्सा द. नं. ३०५/०७८/०७९

वर्ष: २ | अंक : १५५ | वि.सं. २०७९ पुस २० गते बुधबार | 04, 2023 Wednesday, JAN | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## तिलावे नदीको छेउमा फोहोर थुपार्नाले नदीको पानी सहित बाताबरण प्रदुषित ।

**रामजी यादव**

**बीरगंज ।** बीरगंज महानगरपालिका वडा नं१७ अलौ र१९ बिन्दवासनीको बीच भागमा पर्ने तिलावे नदीको छेउमा फोहर जन्य पदार्थ थुपार्नाले नदीको पानी फोहर तथा बाताबरण दुषित बन्दै गईरहेको छ ।

बिरगंज महानगरपालिका वडा नं १७ अलौ र १९ बिन्दवासनीमा पर्ने गाउँको फोहरमैलाहरु ऐतिहासिक बोकेको तिलावे नदीको छेउमा थुपार्ने कार्य भईरहेकोले स्थानीयहरु चिन्तित भएका छन् ।



सो वडाका वडाध्यक्षहरुको मिलोमतोमा वडा नं. १७ र१९को बीच भागमा पर्ने तिलावे नदीमा पुस्ता देखिको परम्परा अनुसार १७ र १९ को वडाका बासिन्दाहरुले यज्ञ ,पर्व त्योहार पुजापाठ जस्ता धार्मिक आस्थावानहरु लगायत दाहसंस्कारमा पनि सो तिलावे नदीमा नुहाउने प्रचलन रहि आएको छ। बीरगंज महानगरपालिकाकाका मेयर र सो वडाका वडाध्यक्षसंग तिलावे नदीको छेउमा थुपार्न लागिएको फोहरमैला व्यवस्थापनलाई नियणत्रण गर्न तिलावे नदी प्रदुषण मुक्त सघर्ष युवा समुह वडा नं १९ का रोशन साह,बिकास यादव,नेमुदीन मियाँ,नीरज यादव,बिबेक मिश्रा,अनील यादवले आग्रह गरेका छन ।

तिलावे नदि एउटा विश्वमै ईतिहास बोकेको नदि हो र यो नदिमा हाम्रा पुर्खाहरुको पाला देखि यसै नदिमा नुहाउने , कपडाहरु धुने लगायत बिभिन्न कामहरुमा यस तिलावे नदिको पानीलाई

***बाँकी तेश्रो पृष्ठमा***

## स्वर्गीय गोपाल गिरि स्मृति क्रियाशिल पत्रकारीता पुरस्कार पत्रकार दासले पाउने



वीरगन्ज ,१९ पौष ।
स्वर्गीय गोपाल गिरि स्मृति क्रियाशिल पत्रकारीता पुरस्कार वीरगन्जका पत्रकार महेश दासलाई प्रदान गर्ने निर्णय भएको छ ।

नेपाल पत्रकार महासंघ पर्साको मंगलवार बसेको बैठकले पत्रकार दासलाई स्वर्गीय गोपाल गिरि स्मृति क्रियाशिल पत्रकारीता पुरस्कार दिने निर्णय गरेको हो ।विगत लामो समयदेखि वीरगन्जलाई कार्यक्षेत्र बनाएर पत्रकारीता गर्दै आएका दासलाई यो पुरस्कार दिने निर्णय गरिएको नेपाल पत्रकार महासंघ पर्साका सचिव भूषण यादवले जानकारी दिए । उनका अनुसार यो पुरस्कार बर्सेनी माघ १ गते वितरण हुदै आएको छ। पत्रकार दास एभिन्युज मधेस प्रदेशका प्रमुख छन् । यसअघि यो पुरस्कार पर्साका पत्रकारहरु गया यादव , सत्रुघन नेपाल , केसी लामिछाने , महेशचन्द्र गौतम , श्याम बन्जारा , ओमप्रकाश खनाल ,ध्रुव साह ,बिजय भण्डारी , प्रताप श्रेष्ठ लगायतकाले पाइसकेका छन ।

नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष अनुप तिवारीको अध्यक्षतामा बसेको बैठकमा उपाध्यक्ष युवराज खड्का , कोषाध्यक्ष सन्जीव मिश्रा लगायत कार्यसमिति सदस्यहरुको उपस्थिति रहेको थियो ।

## भारतमा कोरोना सङ्क्रमण देखिएपछि वीरगन्ज नाकामा उच्च सतर्कता



वीरगन्ज । भारतमा पछिल्लो पटक कोरोना भाइरसको सङ्क्रमण देखापरेपछि सोको रोकथामका लागि वीरगञ्ज नाकामा उच्च सतर्कता अनपाउन थालिएको छ। भारतमा कोभिड सङ्क्रमित दैनिक बढिरहेकाले त्यहाँबाट वीरगञ्ज प्रवेश गर्ने यात्रुलाई अनिवार्य जाँच गरेर मात्रै भित्र्याउन थालिएको हो। कोरोना भाइरसको सङ्क्रमण छिमेकी देशमा फैलिरहेको र त्यसलाई यहाँ भित्रिन नदिन उच्च सतर्कता अपनाउनुपर्ने देखिएकाले मुख्य नाकामा रहेको हेल्थ डेस्कको सेवा प्रवाह थालिएको छ। हेल्थ डेस्कमा आवश्यक स्वास्थ्य उपकरण, मास्क, स्यानिटाइजरलगायतका सामग्रीको कुनै कमी हुन नदिने गरी चुस्त राख्न वीरगञ्ज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले स्वास्थ्यकर्मीलाई निर्देशनसमेत दिए। कोभिड सङ्क्रमण फैलन नदिन सबैले सतर्कता अपनाउनुपर्ने देखिएकाले महानगरले आवश्यक आन्तरिक तयारी गर्न प्रवेशद्वारमा रहेको हेल्थ डेस्कको अनुगमन गरिएको महानगरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले बताए।

अहिले दैनिक एक जनाको एन्टिजेन

***बाँकी तेश्रो पृष्ठमा***

## विदेशबाट फर्किनेलाई २ वटा मोबाइल ल्याउन दिन प्रधानमन्त्रीको निर्देशन



काठमाडौं । प्रधानमन्त्री पुष्पकमल दाहालले विदेशबाट फर्कने नेपाली नागरिकले आफूसँग दुई वटा मोबाइल ल्याउन पाउने व्यवस्था गर्न निर्देशन दिएका छन् ।

विदेशबाट फर्किँदा व्यक्तिगत प्रयोजनका लागि आफूसँग

***बाँकी तेश्रो पृष्ठमा***

## जन्मदिनको अवसरमा आचार्यले पर्साका दलित बालबालिकालाई उपहारस्वरूप कपडा सहयोग ।

**बीरगंज । अमेरिकामा बस्दै आएका एक नेपालीले आफ्नो जन्म दिनको अवसरमा पर्साका दलित बालबालिकालाई चिसो बाट बच्नको लागि न्यानो कपडा सियुटर , टोपी र टाउजर सहयोग गरेका छन् ।**

पर्सा जिल्लाको बिरगंज महानगरपालिका वडा-१९ , बिन्दबासनी केहुनिया गाउँ दलित बस्तिको ८७ जना दलित बालबालिकाको लागि कपडा वितरण गरिएको छ ।



सिन्धुलीको दुनपा- ४, पाखाटोल डकाहा घर भइ हाल अमेरिकामा बस्दै आएका बस्दै आएका प्रकाश आचार्यले आफनो जन्म दिनको अवसरमा जन्म दिनको उपहार स्वरूप पर्साको ग्रामीण भेगका दलित बालबालिकालाई जाडोको लागि कपडा सहयोग गरेका हुन् ।

तराई मधेश तिर अहिले जाडो बढेको छ। चिसो सितलहरले गर्दा दलित समुदायको अति विपन्न गरीब समुदाय धेरै प्रभावित रहेको छन् ।

अति विपन्न तथा दलितको आर्थिक अवस्था कमजोर भएकोले न्यानो कपडा किन्न नसक्ने अवस्था छ। जाडोमा बालबालिकाहरु संग न्यानो कपडा नभएकोले चिसो लाग्ने गरेको अवस्थालाई मध्यनजर गरेर पिसफोर दलितस फाउन्डेसन नेपाल , मधेश प्रदेश , पर्साले सहयोगी दाताहरु संग गरेको अपिल अनुरोध अनुसार आज कपडा वितरण गरिएको छ ।

जाडोको मौसममा चिसो बाट बच्नको लागि न्यानो कपडा पाएर कक्षा -४ मा अध्ययनरत विद्यार्थी संगिता कुमारी राम खुसी भएर धन्यवाद व्यक्त गरेकी छिन । त्यसै गरि त्यही टोलको अभिभावक महिन्द्र महरा चमार खुसी हुँदै भन्ने जाडोको समयमा चिसो , सितलहरमा कसैले हाम्रो बच्चाहरुलाई सहयोग गरेको थिएन , अहिले पाएको छौं । सहयोग गर्ने दातालाई धन्यवाद र जन्म दिनको शुभकामना छ ।

पिस फर दलितस फाउन्डेसन नेपाल, मधेश प्रदेशले दलित बालबालिकाका लागि सन्चालन गरेको दलित बालबालिकाको शिक्षामा पहुँच , विद्यालय टिकाउ, विद्यालय निरन्तरता , गुणस्तरीय शिक्षा तथा निशुल्क टियुसन कक्षा केन्द्र संचालनमा सहभागी बिरगंज महानगरपालिका वडा-१९ , केहुनिया विन्दबासनी गाउँको दलित बस्तीको दलित बालबालिकालाई प्रकाश

***बाँकी तेश्रो पृष्ठमा***



ज्योती जागरण

दैनिकको लागि
प्रकाशक

ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा
कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)
अतिथी सम्पादक : कृष्णा कुशवाहा
विशेष प्रतिनिधी : मुस्तुफा आलम
कानूनी सल्लाहकार : पन्नालाल गुप्ता
कार्यालय : वीरगञ्ज-१३ राधेमाई,
इमेल : news.jyotidainik@gmail.com

मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस

# चुनौतीका चाङमा न्यायिक नेतृत्व

**किशोर पौडेल**

झन्डै एक वर्षदेखि धमिलिएको सर्वोच्च न्यायालयको वातावरण अझै पनि सङ्लिन सकेको छैन । नेपालको इतिहासमै दुर्लभ, प्रधानन्यायाधीशविरुद्ध न्यायाधीशहरूबाटै सुरु भएको आन्दोलन समयका हिसाबले सकिए पनि सारमा यथावत् छ ।

केही वर्षयता न्यायपालिकाको सुधारका लागि भन्दै पटकपटक न्यायाधीशहरू नै आन्दोलनमा उत्रिनुपरेको छ । यसले अन्ततः नेपालको न्यायपालिकालाई गम्भीर क्षति पुऱ्याएको छ । यस्ता आन्दोलनहरू सही थिए या गलत, इतिहासको कुनै कालखण्डमा समीक्षा होला, तर यति लामो आन्दोलन न्यायपालिकाले थेग्न सक्ने हो वा होइन भन्ने विषय गम्भीर बनेको छ ।

जनताको आस्था र विश्वासमा अडिएको न्यायपालिका यस्तो अवस्थामा पुग्नु कसैका लागि पनि स्वीकार्य हुन्न । यसले गर्दा न्यायिक नेतृत्वबाट अमुक व्यक्तिलाई लखेट्न सहज भयो होला तर न्यायपालिकामाथि सबैभन्दा ठूलो अन्याय भएको छ । सरोकारवाला निकायहरूले आन्दोलनको सहज बैठान गर्न नसक्दा न्यायपालिकाप्रति सेवाग्राहीको विश्वासै नरहने अवस्था उब्जिएको छ ।

झन्डै ६ महिनापछि नेपालको न्यायपालिकाले दोस्रो कायम मुकायम (कामु) नेतृत्व पाएको छ । प्रतिनिधिसभाको निर्वाचन भइसकेको र संसद्को अधिवेशन सुरु हुने तयारी भइरहेको छ । यसले गर्दा पक्कै पनि कामुको अवस्था लामो समयसम्म नजाला । यद्यपि अत्यन्तै छोटो समय रहेको कामु नेतृत्वसामु इतिहासको समीक्षा गर्दै वर्तमानलाई सही बाटामा हिँडाउने र भविष्यको सुन्दर खाका कोर्ने चुनौती छ ।

आफ्नै प्रतिवेदनको कार्यान्वयन

न्यायपालिकाको विकृति-विसंगतिको अन्त्य गर्दै सुधारका लागि सुझावसहितको ऐतिहासिक प्रतिवेदन एक वर्षदेखि थन्किएको छ । निलम्बित प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराले आंशिक रूपमा कार्यान्वयन गर्न खोजे पनि स्वयम् सर्वोच्च अदालतले नै यसको अपनत्व लिइसकेको छैन । प्रतिवेदनबारे छलफलकै बीचमा न्यायपालिकामा आन्दोलन सुरु भयो । फुलकोर्टमा विभिन्न विषयमा छलफल जारी छ । यसलाई फुलकोर्टले अपनत्व लिएर तत्काल कार्यान्वयनमा जानुपर्छ । यसअघिका कामु प्रधानन्यायाधीश दीपक कार्कीले प्रतिवेदनमा छलफल चलाएर कार्यान्वयनमा लगिदिएका भए त्यसलाई पछ्याउँदा छिटो नतिजामा पुग्न सकिन्थ्यो । तर त्यसो भएन । यद्यपि भावी प्रधानन्यायाधीशको लाइनमा रहेका न्यायाधीश प्रकाशमानसिंह राउतसमेत संलग्न समितिबाट बनेको प्रतिवेदन अक्षरशः कार्यान्वयनमा लैजाने हो भने सुधारका लागि धेरै समय खर्च गर्नुपर्दैन । नेपाल बार एसोसिएसनसमेतको प्रत्यक्ष सहभागितामा तयार यो प्रतिवेदन कार्यान्वयनमा लैजान कठिनाइ देखिँदैन । तर यसलाई पनि समग्र न्यायपालिकाले कुण्ठाकै नजरबाट हेर्ने हो भने सुधार सम्भव छैन ।

आन्तरिक समन्वय

आन्तरिक रूपमा न्यायाधीशहरूबीचमै समन्वयको अभावमा देखिन्छ । अदालतको क्याबिनेट मानिने फुलकोर्टमा न्याय क्षेत्रका विषयमा छलफल हुन्छ, आलोचना हुन्छ, विरोध हुन्छ र कहिलेकाहीँ अवरोध पनि हुन सक्छ । यस्तो परिकल्पना गरेर फुलकोर्टको बैठकसम्म नराख्ने अवस्था उब्जियो । आफ्नो आलोचना सुन्नुपर्ला भनेर भेटघाटै बन्द गर्ने अवस्थालाई चिरेर न्यायपालिकाका समग्र योजनामा सहयात्रा गर्न सके सुधारको काम त्यहीँबाट हुन सक्छ । न्याय क्षेत्रमा एक रौं खोट लाउन नसक्ने न्यायाधीशहरू सहयात्री छन् । मुद्दामामिलाका क्षेत्रमा फाँटबाटै सुधार गरेका कर्मचारीहरू न्यायिक नेतृत्वका सहयात्री छन् । मुद्दा तथा प्रशासनिक क्षेत्रमा दखल राख्ने पूर्व उच्च प्रशासक सहयात्री छन् । यो आधार न्यायिक नेतृत्वका लागि एक किसिमको हिम्मत हो ।

दलीय राजनीतिको छाया

लामो समयदेखि न्यायपालिकामा फरक परिस्थितिमा फरक राजनीतिक दलको छाया देखिन्छ । अझ न्यायिक नेतृत्व नै दलीय कार्यकर्ताका रूपमा देखिएका उदाहरण पनि छन् । दलीय छायाबाट न्यायपालिकालाई मुक्त गराउनु अबको न्यायिक नेतृत्वको प्रमुख चुनौती छ । पछिल्लो आन्दोलनलाई मात्रै हेर्ने हो भने कतै न कतैबाट स्वयम् न्यायपालिकाभित्रबाटै र बारले निमन्त्रणा गरेरै सर्वोच्च अदालतमा कार्यपालिकाको छाया र

संसद्को हस्तक्षेप बढेको छ । दलीय आस्थाका आधारमा न्यायाधीश नियुक्त गरिएको विषय कसैले छोपेर छोपिन्न । विगतदेखि नै न्यायाधीश नियुक्तिमा प्रधानमन्त्रीको दूतका रूपमा कानुनमन्त्री हावी हुँदै आएका छन् । हालकै नेतृत्वलाई पनि त्यो आरोप लाग्न सक्छ । तर बाहिर गुन्जिने आरोप र वास्तविकता फरक पार्नका लागि न्यायपालिकाको गेटमा खोलेर गएको राजनीतिक चप्पल बिर्सेको आम सरोकारवालाले महसुस गर्नुपर्छ । पदीय हैसियत बचाउन लम्पसार पर्ने प्रवृत्ति निराकरण गर्ने अभियानको सुरुआत गर्नुपर्छ । प्रधानन्यायाधीश न्यायपरिषद्को अध्यक्षसमेत हुने भएकाले परिषद्का कामको विवरण सार्वजनिक गर्नुपर्छ । बिनामापदण्ड खल्तीबाट न्यायाधीश नियुक्त गर्ने र आफूअनुकूल नहुँदा कारबाहीको डन्डा चलाएजस्तो गर्ने ढोङ पनि देखिएकै छ । आफू निकटकाले जे गर्दा पनि रमिते बनेर चियर्स गरिरहने तर अरूका नाममा डन्डा चलाउने प्रवृत्तिलाई राम्रो सकिँदैन । यसलाई, गुण-दोषका आधारमा छुट्याउन नसक्ने हो भने, न्यायपालिकामाथि हुने अन्यायका रूपमा बुझिनुपर्छ ।

न्यायिक अराजकता रोक्न

सर्वोच्च अदालतमा न्याय सम्पादनका क्रममा गम्भीर विचलनहरू देखिएका छन् । जिल्ला तहदेखि सर्वोच्चसम्म यस्तो प्रवृत्तिले डेरा जमाएको छ । सर्वोच्चमै राजस्व वा आर्थिक एउटै विषयमा फरक-फरक फैसला भएका छन् । राष्ट्रिय महत्त्वका राजनीतिक-आर्थिक विषयमा आफूअनुकूल नजिर स्थापित भएका छन् । राजनीतिक दाउपेचलाई सहयोग हुने गरी कतिपय मुद्दालाई नियमित योजनामा पनि प्रवेश नगराउने कठोर प्रवृत्तिको निराकरण हुनुपर्छ । नजिरमा एकरूपता ल्याउने र न्यायाधीशलाई सही बाटोमा डोऱ्याउने प्रमुख दायित्व नेतृत्वकै हो । विगतमा कारबाहीका नाममा भएका प्रतिशोधपूर्ण गतिविधि र आफ्नालाई च्याप्न घुसिया अड्डामा टिकाइराख्ने प्रवृत्तिलाई प्रधानन्यायाधीशले रोक्न सक्नुपर्छ । अमुक मुद्दा हेर्न तर्कने तथा सरकार वा राजनीतिक दलविरुद्ध आउने मुद्दालाई सकेसम्म पन्छाउने प्रवृत्ति न्यायपालिकामा लामो समयदेखि चलिआएको छ । यही प्रवृत्ति चलिरहने हो भने न्यायिक सुधारका लागि भएको जतिसुकै ठूलो आन्दोलन त्यही कुर्सीभन्दा टाढा जान सक्दैन ।

मुद्दा पन्छाउने प्रवृत्ति र सेटिङ

सर्वोच्च अदालतका न्यायाधीशहरूमा मुद्दा तर्काउने गरेको आरोप लाग्ने गर्छ । राजनीतिक विचार सम्बन्धी मुद्दा हेर्न अनकाउने अवस्था अहिले पनि छ । यसरी मुद्दा पन्छाउने प्रवृत्ति रोक्न बारको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण छ । अमुक मुद्दाको सुनुवाइ गर्दा मात्रै विगतमा सरकारसँगको निकटताका आधारमा हेर्न नमिल्नेजस्ता विषयले आन्दोलनकै रूप लिएका छन् । आफूले सोचेभन्दा फरक नतिजा आउने भएपछि रेक्युजल गराएर अन्य विषयमा खासै नबोल्नु बारको प्रवृत्ति हो । बार र कानुन व्यवसायीले नै आफूले भने अनुसारका न्यायाधीश नपर्दा 'बेन्च सपिङ' गरेको ताजै छ । गोलाप्रथामा जाँदा पनि यी समस्या

बाँकी तेश्रो पृष्ठमा

# विष्टको चियापसल र देउवाको राजनीति

**कृष्ण खनाल**

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर क्याम्पसको हाताभित्र पुरानो बसस्टपको टहरोमा एउटा चियापसल छ । कुनै साइनबोर्ड छैन, बोलीचालीमा 'विष्टको चियापसल' ।

टहरोको कुनामा एउटा सटर छ । चिया-बिस्कुट, चुरोट-सुर्ती, तयारी चाउचाउ हुन् त्यहाँ पाइने ।

पसलका मालिक त्यहीँ भाजँगालका नानीकाजी विष्ट त्रिवि कीर्तिपुरमा हुने विद्यार्थी राजनीति लगायत गतिविधिका एक जीवन्त साक्षी पनि हुन् । उनी फुर्तीसाथ दाबी गर्छन्, 'शेरबहादुर देउवा मेरा साथी हुन् ।

देउवाकी जस्तै मेरी श्रीमती पनि राणाकी छोरी हुन् । मेरै पसलमा दस पैसा कप चिया खाएका देउवा त प्रधानमन्त्री नै भए, मन्त्री त कति भए कति !' उनी थप्छन्, 'देउवा राजनीति गरेर चिनिए, मलाई पनि संसारले चिन्छ । विश्वविद्यालयको यो कुनामा बस्दाबस्दै म पनि विश्वको भइसकें, देश-विदेशका मानिसले मेरो अन्तर्वार्ता लिएका छन्, फोटा पनि छापिएका छन् ।' ७४ वर्षका यी विष्ट र ७८ वर्षका देउवाको प्रसङ्ग जोडेर आज यो स्तम्भमा केही विमर्श गर्नु सान्दर्भिक होला भन्ने लागेको छ ।

राजा त्रिभुवनको निधनपछि उनको सम्झनामा मुलुककै पहिलो विश्वविद्यालयका रूपमा त्रिवि स्थापना भयो । पूर्वाधार केही थिएन । केही कलेज थिए, भारतको पटना विश्वविद्यालयसँग सम्बन्धनप्राप्त ।

पाठ्यक्रम, परीक्षा, प्रमाणपत्र सबै उसकै नाममा हुन्थे । नयाँ विश्वविद्यालयका लागि जमिनको व्यवस्था लगायत कानुनी तथा नीतिगत निर्णय एवं भौतिक पूर्वाधार निर्माण गर्नका लागि स्रोतसाधन र समय लाग्ने नै भयो ।

तथापि २०१६ सालदेखि त्रिपुरेश्वरस्थित सरकारी गेस्टहाउस – जहाँ अहिले ठूलो व्यापारिक कम्प्लेक्स (युनाइटेड वर्ल्ड ट्रेड सेन्टर) छ – मा अर्थशास्त्र, राजनीतिशास्त्र, इतिहास, संस्कृति, नेपाली लगायतका मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गतका विषयहरूमा स्नातकोत्तर तहको पढाइसँगै त्रिविको विधिवत् प्रारम्भ भयो ।

स्नातकोत्तर तहको पढाइका लागि आफ्नै सञ्चालनको त्रिवि कलेज भयो भने अन्य कलेज त्रिविको सम्बन्धनप्राप्त (एफिलिएटेड) कलेज भए । २०३० सालमा नयाँ शिक्षा योजना लागू भएपछि यी सबै कलेज एकल विश्वविद्यालयको अवधारणा अनुसार त्रिविका आङ्गिक क्याम्पस भए । एउटा आङ्गिक कलेज र केही सरकारी तथा पब्लिकसहित करिब डेढ दर्जन सम्बन्धनप्राप्त कलेजबाट सुरु भएको त्रिविमा अहिले ६० आङ्गिक र ४ सयभन्दा बढी सम्बन्धनप्राप्त क्याम्पस छन् । सरकारपछि मुलुककै दोस्रो ठूलो संस्थाका रूपमा त्रिविलाई लिन सकिन्छ ।

कीर्तिपुर डाँडामुनि उत्तरतिर ट्याङ्लाफाँटमा रहेको त्रिविको वातावरण कम प्रदूषित, खुला र प्रकृतिमय छ । बिहान हिँड्नेहरूको लर्को लाग्छ । मानविकी, विज्ञान, व्यवस्थापन र शिक्षा संकाय अन्तर्गतका स्नातकोत्तर तहका केन्द्रीय विभाग, अनुसन्धान केन्द्र, केन्द्रीय पुस्तकालयहरू रहेको त्रिवि परिसर निकै विस्तारित र शान्त पनि छ । कानुन, चिकित्साशास्त्र, इन्जिनियरिङ, कृषि र वन सम्बन्धी पढाइ कीर्तिपुरबाहिर हुन्छन् ।

नयाँ विश्वविद्यालयहरू पनि खुलेका छन्, त्रिविकै स्नातकोत्तर तहका पढाइ अरू क्याम्पसमा पनि हुन्छन् । अहिले मानविकी संकायतर्फ नयाँ र पुराना भवनका बीचमा सुन्दर वाटिका बनेको छ ।

विज्ञान संकायतर्फ हरियालीपूर्ण वातावरण छ, काटेका ठुटा रूखहरूको जीर्णताले भने मनमा विषाद ल्याउँछ । यस्तै, वीरेन्द्रको राज्याभिषेकको अवसर पारेर बनाइएको सानो जंगलजस्तै उद्यान पनि हेरविचार नभएको झाडीमा परिणत भइरहेको छ ।

करिब ३ हजार रोपनीमा फैलिएको विश्वविद्यालयको जमिन पनि देशको राजनीतिजस्तै अव्यवस्थाको उदाहरण बनेको छ । चारैतिरबाट संक्रमण भइरहेको छ । केही ठाउँमा साठी वर्षअघि हजुरबाको पालामा अधिकरण भएर मुआब्जा लिइसकेको जग्गामा नाति पुस्ताका स्थानीय किसानहरू अहिले पनि खेती गर्दै छन् ।

उनीहरूलाई लाग्दो हो, अनावश्यक रूपमा विश्वविद्यालयले उनीहरूको जग्गा कब्जा गरेर राखेको छ । यसले गर्दा स्थानीय व्यक्ति र त्रिविबीच मनोवैज्ञानिक द्वन्द्व कायमै छ । गैरप्राज्ञिक प्रयोजनका लागि जग्गा दिने प्रवृत्ति पनि बढ्दो छ । प्राज्ञिक प्रयोजनकै लागि पनि कुनै योजनाबिना खुद्रे बजेटमा टहरा र कोठा थप्ने काम जारी छ । बनेका केही भवन पनि हचुवा र अस्थायी प्रयोगमा सीमित छन् ।

उदाहरणका लागि, भारतले बनाइदिएको चर्खा आकारको गान्धी भवन प्रयोजनविहीन छ, न त्यहाँ गान्धीसँग जोडिएका कुनै गतिविधि नै हुन्छ । बरु खाँचो पर्दा त्यहाँ सिनास, व्यवस्थापन र अहिले पुस्तकालय विज्ञानको कक्षा लगायतका विभिन्न प्रयोजनका अस्थायी मुकाम रहे । यहाँको स्थिति देख्दा लाग्छ, माल भएर पनि चाल नपाएको भनेजस्तै त्रिविसँग

बाँकी तेश्रो पृष्ठमा

# सरकारसँगै संस्कार पनि फेरियोस्

**डा. अतीन्द्र दाहाल**

सरकारको सफलताले केवल सरकारको मात्र होइन, संघीयतासँगै गणतन्त्रको पनि सफलता देखाउँछ।

राजनीतिक दलबीच अन्तरदलीय तथा आन्तरिक दुवै खालका रस्साकस्सीपछि देशमा नयाँ सरकार निर्माण भएको छ। देशले ४४औं प्रधानमन्त्री पाएको छ।

सरकार निर्माणमा भएको आकस्मिक समीकरणको परिवर्तनले धेरैलाई अचम्मित साथै रोमान्चितसमेत बनायो। मौजुदा संसदमा सर्वाधिक धेरैको समर्थन प्राप्त भयो। यसरी भारी विश्वास पाएकाले यो सरकार एउटा बलियो र सशक्त सरकार बनेको छ।

यससँगै केही अति सतही विश्लेषणमा रमाउनेहरूको पनि दस्ता छ। यदाकदा उनीहरूले उक्त संख्याको विश्वासको मतले राज्यका कुनै अंगले गैरकानुनी काम गरेमा सहजै महाअभियोगको प्रस्ताव पारित हुनसक्ने सन्देश दिएको भन्छन्। यद्यपि राजनीतिलाई त्यसरी गिजोल्नु हितकर र शोभनीय दुवै हुदैनन्।

आम नागरिकको चाहनाचाहिँ यो छ कि पछिल्लो अभ्यासले देशलाई सफलता र समृद्धिको पथमा हिँडाओस्। सरकार बनाउन एकठाउँ आएका दलहरू नागरिकको सेवामा पनि यसरी नै खटिनुपर्छ। सत्ता र शक्ति केन्द्रित होइन कि परिवर्तन केन्द्रित राजनीति सबैको एउटै मन्त्र बन्नुपर्छ।

अब राजनीतिक क्रान्तिका सबै चरण समापन भएको छ। नागरिकको सहभागिताले लेखिएको संविधानसमेत कार्यान्वयनमा आएको छ। साँच्चै सुसंकल्प र सर्मपण गरे हामी विकासमा कायापलट हुने चरणको प्रारब्धमा छौं। वास्तवमा यसको एक शृंखला त हामीले निस्प्रभावी रूपमा नै व्यतित गरिसक्यौं।

अहिले पनि नागरिकमा निराशा उच्च छ। खासै उत्साहा, उमंग र विश्वाससमेत जागृत भएको छैन। सरकार बने पनि नागरिक सरोकार साकारचाहिँ बन्दैन नै भन्ने विचार व्याप्त छ। त्यसकारण अहिले बनेको सरकारमा सरकारको संस्कारचाहिँ धेरै फेरिनुपर्छ। यसले राजनीतिलाई निकास मात्र दिएर हुँदैन, नागरिकलाई अपेक्षित विकास पनि दिनुपर्छ। जसले गणतन्त्रको सफलतालाई प्रशस्त सघाउँछ। यो नै यस सरकारको सफलताको लागि अनिवार्य आवश्यकतासमेत हो।

सफलता निर्वकल्प अनिवार्यता

फ्रान्समा सन् १७९१, बेल्जियममा १८३१, अर्जेन्टिनामा १८५३, क्यानडामा १८६७, डेनमार्कमा १८४९, अमेरिकामा १७८७, अस्ट्रियामा १९२० मा संविधान बने।

त्यसबखत उक्त देशहरूको अवस्था लगभग अहिलेको हामीजस्तै अथवा अझै नाजुक थियो। उनीहरूले प्रयास गरे, सफलता कमाए। दुई-तीन सय वर्ष पहिलेमात्र पत्ता लागेका अनि दोश्रो विश्वयुद्धसम्म अर्काको उपनिवेश रहेका अधिकांश देशले रोमान्चक प्रगति गर्न सके। हामीसँग ५ हजार वर्ष पुरानो इतिहास र सभ्यता छ। अनि कहिल्यै कसैको उपनिवेश नरहेको गौरव पनि छ। हामीले उनीहरूको भन्दा अब्बल प्रगति गरेर देखाउन सक्छौं र देखाउनु पर्छ। यसको आधार आवश्यकता चाहिँ सरकारको सबल संस्कारमा भर पर्छ।

संसारमा कुनै सिद्धान्त स्वतः खराब वा असल हुदैनन्।

सिद्धान्त र विचार अमुक अनि अमूर्त पक्ष हुन्। त्यसको प्रायोगिक कौशलता मुख्य आकर्षण हो। अति अनुकरणीय अनि नागरिकको हितकारी भनेर विश्वव्यापी रूपमा बुझिँदै आएको प्रजातन्त्र पनि थुप्रै देशमा असफल छ। पश्चिमाहरूले अहितकारी तथा अलोकप्रिय भनेर गिज्याउने कम्युनिष्ट शासन पनि केही देशमा सफल नै छ। महामहिम राष्ट्रपति सीको नेतृत्वमा महाशक्ति भएर उदाउँदै छिमेकी मित्रराष्ट्र चीनले विश्व तरंगित बनाउँदै छ।

पछिल्लो पटक 'सिप्लोमेसी' र 'सिमोक्रेसी' नामक विचारधारा चर्चामा आउँदैछन्। उसको आक्रमक उदयका कारण नयाँ विश्वसंरचना कायम हुँदैछ। सरकारको सबल संस्कारको कारण यो सफलता हासिल भएको देखिन्छ। अब सरकारलाई राजनीतिक कुराहरूमा अल्मलिनु पर्ने बाध्यता छैन।

देशको अग्रगामी र नागरिक अपेक्षित विकासका खास सवालहरूमा ठोस पहल गर्नुमात्र बाँकी छ। विख्यात चिन्तक जोसेफ एस नाईकृत 'सार्प पावर'को पछिल्लो अवधारणालाई सरकारले आफनो क्षमताले भ्याएसम्म उपयोग गर्नुपर्छ।

क्षमताको प्रशोधन र प्रवर्द्धन

अपेक्षित संस्कारलाई सार्थक बनाउन कर्मचारीतन्त्रमा व्यापक सुदृढीकरण आवश्यक छ। सरकारका सबै कार्यक्रमलाई नागरिकसम्म पुऱ्याउने माध्यम कर्मचारीतन्त्र नै हो। नागरिकले सरकार कामकाजी भए-नभएको कुरा सरकारका सदस्यलाई भेटेर निर्धारण गर्ने होइन। सरकारी वा सार्वजनिक सेवासुविधा लिने क्रममा कर्मचारीले प्रवाह गर्ने सेवाको चुस्तता अनि गुणस्तरका आधारमा नागरिकको सरकारप्रतिको विचार निर्माण हुन्छ।

कार्यलयमा हुने अनुपस्थिति, लापरबाही, काममा ढिलासुस्ती, सहजीकरणभन्दा बेवास्ताको प्रवृत्ति अनि नजराना माग्ने आदतले बेइजती चाहिँ सरकारको हुन्छ। सरकारी सेवा चुस्तदुरुस्त भएमा सरकारमाथिको आधा आरोप र विकर्षण स्वतः समाप्त हुन्छ। धेरै नागरिकको माया जित्ने कडी बन्छ। सुशासन यहीँबाट थालनी हुन्छ।

स्वीजरल्याण्ड, फिनल्याण्ड लगायत केही देशहरूले कम्तिमा निश्चित संख्यामा मानिसले उठाएको चासोलाई संसद्मा सार्वजनिक बहसको विषय बनाउँछन्। हाम्रोमा पनि नागरिकका गुनासा र सुझावहरूलाई यथोचित रूपमा सुनिनुपर्छ अनि त्यसले सरकारको निर्णय प्रकृयामा महत्व राख्नुपर्छ। विकासका प्रस्ट योजना दिएर

बाँकी तेश्रो पृष्ठमा

## सरकारसँगै.....

नागरिकसँग पनि सहयोग माग्नुपर्छ। वास्तवमा नै सरकारले आमहितमा काम गर्न लागेमा नागरिकबाट श्रम वा पुँजी वा दुवैको प्रशस्त सहयोग आउँछ। केही देशमा सडकमा गुडेको सवारी बिग्रिए सरकारले त्यसको जिम्मेवारी लिन्छ। थाइल्यान्डमा अस्पतालले लापरवाही गरेमा बिरामीलाई क्षतिपूर्ति दिनुपर्छ। त्यसर्थ, नागरिक स्वतस्फूर्त सम्बन्धित क्षेत्रका कर बडो रहरले बुझाउँछन्। केही देशहरूले विकासका हरेक परियोजनामा नागरिकको अनिवार्य सहभागिता गराउँछन्।

यसले योजनामा अपनत्व महसुस हुन्छ, नागरिक निरीक्षण र सरोकार बढ्छ। काम राम्रो हुन्छ, सबैले उत्साही सहभागिता जनाउँछन्। त्यसैले, विकास आयोजनामा लगानीको आवश्यकता दाता होइनन्, वातावरण हो भन्ने बुझ्नुपर्छ।

देश विकासका लागि प्रशासनिक सामाजिक आचरण र मानवीय नैतिक मूल्यमान्यता पुनर्जागरणमा सघन ध्यान दिनुपर्छ। आत्मनिर्भर आर्थिक विकास त पहिलो सर्त हुँदै हो। पूर्वाधारको विस्तार र व्यापक सुदृढीकरण उत्तिकै आवश्यक छ ।

यी तीन पक्षलाई सबै तहका सरकारले एउटै र अन्तिम लक्ष्य मान्नुपर्छ। संघीय सरकारले अलौकिक संयोजन तथा नेतृत्व कौशल प्रर्दशन गर्नुपर्छ। विज्ञ, काबिल तथा अनुभवी व्यक्तिहरूको सहयोगमा तीनवटै पक्षको बृहत् तत्कालीन र दीर्घकालीन कार्ययोजनाको सूची बनाउनुपर्छ।

हरेक क्षेत्रको विकासको तत्कालीन र दीर्घकालीन मोडल बन्नुपर्छ। नियुक्तिमा क्षमतावान्हरूलाई अगाडि ल्याउँदा अनुपम कार्यसम्पादन साथै सरकारमाथि नागरिक भरोसासमेत बढोत्तरी हुन्छ।

नागरिकलाई देशको सम्मानमा अनुग्रहित राख्न भारतमा सिनेमा हलमा राष्ट्रिय गान बजाइन्छ। चीनमा एक/अर्काबीच र अरूसँग देश तथा नेतृत्वको विरोधमा नकारात्मक वार्तालापलाई रुचाइँदैन। कतिपय देशमा आफ्नो क्षेत्रभित्रको बाटो र सार्वजनिक स्थानको सुधार तथा संरक्षण सम्बन्धित समाज स्वयंले गर्छ।

विश्वका कुनै समाजमा बच्चालाई खेलौनाचाहिँ गहकमात्र किनिन्छ। बच्चाले एक्लै खेलौना उठाउन सक्दैन र साथी बोलाउँछ। त्यसैले समूहमा काम गर्न सिक्छ भन्ने मान्यता राखिन्छ। सामाजिक आचारण निर्माण गर्न यस्ता ससाना कुराहरू पनि अधिक हितकारी हुन्छन्।

खानपान, रहनसहनदेखि व्यवहारका हरेक पक्षमा हाम्रा थुप्रै परम्परामा विशाल र विराट मौलिकता अनि वैज्ञानिकता छ, तिनीहरूको पुनर्जारण गरिनुपर्छ।

रोजगारी निर्माण, गरिबी निराकरण र नागरिकको सामाजिक सुरक्षा बढोत्तरीमा असफल भएकै कारण थुप्रै देशमा प्रजातन्त्र असफल भएको देखिन्छ। प्रसिद्ध पुस्तक 'डेमोक्रेसी : द गड द्याट फेल्ड'का लेखक ह्यान ह्यामर हिप्सले यस्ता प्रशस्त उदाहरण दिन्छन्। हाम्रो समस्या पनि यही हो।

विकासका गतिविधिले द्रुततर यात्रा नगरुञ्जेल राजनीतिक र प्रशासनिक गतिविधिहरूले मात्र सरकारको सफलता र देशको प्रगति सम्भव रहँदैन। तसर्थ, समाजका हरेक क्षेत्रहरूमा तत्कालिन सुधार अनि दीर्घकालीन विकासका योजना आउनुपर्छ। बेरोजगारी, गरिबी, अन्याय, अत्याचार, दण्डहीनता, भ्रष्ट्राचार, मुल्यवृद्धिमाथि सरकार निर्मम बन्नुपर्छ।

न्याय, संगति, सभ्यता र सुशासन प्रत्याभूत हुनुपर्छ। शिक्षा, स्वास्थ्य, रोजगारी र आवास कम्तिमा सरकारको दायित्व बन्ने गरी कार्यक्रम दिनुपर्छ।

शासन वा कार्यकारीका नामसँग नागरिकको कुनै आकर्षण वा विकर्षण रहँदैन। नागरिकको मुख्य आशक्ति भनेको व्यवस्था वा कार्यकारीको कामसँग हुन्छ। अभ्यास गर्ने हो भने थुप्रै परिवर्तन गर्न सकिन्छ।

हरेक आयोजना सम्पन्न नै नहोला तर यथोचित प्रगति र विकास देखिनुपर्छ। पछिल्लो २० वर्षमा थाइल्यान्ड, भियतनाम, मकाउ, जापान, दक्षिण कोरिया, कुवेत, कतार, हङकङ, सिंगापुर लगायतका देशले गरेको आर्थिक प्रगतिलाई हामीले साम्भाव्य अनुकरण गर्नुपर्छ।

पछिल्ला अनुसन्धान तथा विश्व उदाहरणले हामीले बौद्ध तिर्थाटनलाई आक्रमक हिसाबमा विस्तार गर्नसके १० वर्षमा मध्यम स्तरको विकासोन्मुख देश हुने बताउँछ। प्रत्येक वर्ष झन्डै ३ करोड बौद्ध धर्मालम्बी मानिस नेपाल आउन चाहेको देखिन्छ।

जलविद्युत् अर्को क्षमता हो, हामीसँग शताब्दी बढी पुग्ने बहुमूल्य खनिजहरू छन्। जीवन निर्वाहकेन्द्रित, व्यापारकेन्द्रित र सामाजिक आचारण सुधारकेन्द्रित लक्ष्यहरू तोकेरै हरेकमा कम्तिमा तीन दर्जन आक्रमक कार्यक्रम ल्याउनुपर्छ।

देशको शिक्षा भयावह छ। हामी विदेशीलाई सस्तो कामदार उपलब्ध गराउने कारखाना बन्दैछौं। पढेका र दक्ष भनिएका मानसिक श्रम गर्नेहरू सम्पन्न देशलाई अनि शारीरिक श्रम गर्ने जति खाडीलाई पठाएर समृद्धिको आशा गर्नु गलत हुन्छ। पैसाको हिनामिनामात्र भ्रष्ट्राचार होइन, भ्रष्ट आचरण हुनु पनि भ्रष्ट्राचार हो। उक्त भ्रष्ट आचरणको संस्कार पूरै फेरिनुपर्छ।

नर्वे, डेनमार्क, स्वीडेन लगायत शून्य भ्रष्ट्राचार हुने देशमा गनिन्छन्। उनीहरूले विद्युतीय प्रजातन्त्र (डिजिटल डेमोक्रेसी)ले विशाल परिवर्तनहरू गराए। सामरिक संसारबाट हरेक राम्रा कुरा सिक्दै हाम्रो मौलिकता सुहाउने गरी ती विकास तथा परिवर्तनका आयामहरूको अभ्यास गर्नुपर्छ।

सरकार नै यसको मुख्य सर्जक हो, नागरिक विश्वासिला सारथी बन्नुपर्छ।

सरकारको असफलताले केवल सरकारलाई मात्र होइन, संघीयतासँगै गणतन्त्रको पनि असफलता देखाउँछ।

तसर्थ यो सरकारलाई बिगतका अन्य सरकार जस्तो असफल भए पनि हुने सुविधा छैन। संसद्बाट सरकार बदलियो, अब सरकारले आफ्नो संस्कार बदल्नुपर्छ। सबल र समृद्ध देश बनाउन ठोस पहल गर्नुपर्छ।

शासन वा कार्यकारीका नामसँग नागरिकको कुनै आकर्षण वा विकर्षण रहँदैन। नागरिकको मुख्य आशक्ति भनेको व्यवस्था वा कार्यकारीको कामसँग हुन्छ। अभ्यास गर्ने हो भने थुप्रै परिवर्तन गर्न सकिन्छ।**साभार अन्नपूर्णपोष्ट्**

## विष्टको.......

आफ्नो जमिन उचित व्यवस्थापन गर्ने न सोच भयो, न प्राथमिकतामै पऱ्यो । यसको उपयोगको राम्रो योजना बन्न सके र उचित प्रबन्ध गर्ने हो भने त्रिविको भौतिक विस्तारका लागि जमिनको चिन्ता गर्नुपर्दैन । यसलाई अझ सुन्दर र रमणीय स्थल बनाउन सकिन्छ । स्थानीय व्यक्ति भएकाले कीर्तिपुरमा विश्वविद्यालय खुलेदेखि त्यहाँ मेरो पनि ध्यान तान्ने नै भयो । दुई कक्षामा पढ्दै थिएँ, राजा आउँदै छन् भनेर स्कुलबाटै हो वा साथीहरूसँग पहिलोचोटि त्यहाँ पुगेको सम्झना अहिले पनि ताजै छ । एकै पटक धेरै मोटर देखेको त्यसै बेला हो ।

निकै ठूलो भीडभाड थियो, अगाडि तुन्द्रुंग धागोको फुर्का झुन्डिएको तीन-चारकुने कालो टोपी र घुँडासम्म आइपुग्ने, छोटा बाहुला भएको कालै कोटजस्तो लुगा (दीक्षान्त पोसाक) लगाएका मानिस पनि देखिन्थे । अलिपर एउटा मण्डपजस्तो ठाउँमा राजा छन् भन्थे । 'मैले त देखें, ऊ त्यही हो राजा' भनेर सँगै गएका साथीहरू फुर्तीसाथ भन्दै पनि थिए । बुझ्ने भएपछि थाहा भयो– त्यो त्रिविको पहिलो दीक्षान्त समारोह रहेछ । यो २०१७ सालतिरको कुरा हो ।
२०२६ सालमा एसएलसी गरेपछि सहायकस्तरको कर्मचारीका रूपमा त्रिविमा मेरो जागिर भयो, प्राध्यापकसम्म भएर अहिले सेवानिवृत्त भएको छु । नजिकैको बसाइ भएकाले मेरो बिहानीको घुमफिर पनि विश्वविद्यालयभित्रै हुन्छ । बेलाबखत नानीकाजी विष्टसँग पनि भेट हुन्छ, पुराना कुरा सम्झिँदै हामी आनन्द मानेर हाँस्छौं ।

म उनलाई जिस्क्याउँछु, 'देउवाले राजनीति नछोडेजस्तै तिमीले पनि यो पसल कहिल्यै नछोड्ने भयौ ।' उनी भन्छन्, 'के गर्ने त, कोरोना र डेङ्गुले पनि लगेन ! सानैदेखि जानेको व्यवसाय यही हो ।' अहिले उनलाई छोरीले सघाउन थालेकी छन् । बिहान एघार बजेसम्म उनी बस्छन्, त्यसपछि छोरीले पालो दिन्छिन् ।

सानै भए पनि यो त उनको निजी व्यवसाय हो । आखिर देउवा पनि त राजनीतिमा हात लागेको सार्वजनिक जिम्मेवारीको पद छोराको उत्तराधिकारित्व सुरक्षित नभएसम्म सबै कुरा गुमाए पनि छोड्ने मुडमा छैनन् ।

पत्नी आरजुले बीचको 'ट्रान्जिसन' सघाउँछिन् कि भन्ने आशा थियो, अब त त्यो पनि सकियो । संसद्मा ठूलो पार्टी बनाएँ भनेर हौसिएका देउवाले प्रधानमन्त्री पद छोड्न नचाहँदा फेरि कांग्रेसलाई हात लाग्यो शून्यको स्थितिमा पुऱ्याएका छन् ।

२०२३/२४ सालदेखि कीर्तिपुरमा क्रमशः कक्षाहरू सञ्चालन हुन थाले । कुनै बेला राजनीतिको केन्द्र मानिने त्रिवि अहिले शान्त छ, पदाधिकारीका कार्यकक्षमा बारम्बार हुने तालाबन्दीबाहेक पढाइ प्रभावित हुने बन्द-हडताल छैन ।

डेढ दशकदेखि विद्यार्थी युनियनको पनि चुनाव भएको छैन । पञ्चायतकालमा कांग्रेस, कम्युनिस्ट पार्टीहरूको उपस्थिति विद्यार्थी राजनीतिका रूपमा हुन्थ्यो । यी पार्टीका सांसद, मन्त्री र नेतृत्व पंक्तिको ठूलो हिस्सा विद्यार्थी राजनीतिबाटै आएको हो ।

देउवा त प्रधानमन्त्री र कांग्रेस सभापति नै भए । दलहरू नै राजनीतिको मूल बाटामा भएपछि प्रोक्सी बाटो किन चाहियो र ? पार्टी नेतृत्वको गुटगत समूहमा विभाजित विद्यार्थी संगठनका लागि स्ववियुको उपयोगिता पनि सकिएको छ । प्राज्ञिकजस्तै राजनीतिक गतिविधिमा पनि मन्दी आएको छ ।

यहाँ मेरो भनाइ पहिलेजस्तै विद्यार्थी राजनीति हुनुपऱ्यो भन्ने होइन, परिवर्तित राजनीतिक सन्दर्भमा स्ववियुले पार्टी र गुटगत राजनीतिको शक्ति प्रदर्शन गर्ने थलोभन्दा पृथक् प्राज्ञिक तथा शैक्षिक मञ्चको भूमिका खेलोस् भन्ने हो ।

जुन बेला देउवा त्रिचन्द्र कलेजको विद्यार्थी राजनीतिमा देखिन थालेका थिए, नानीकाजी विष्ट त्रिवि कीर्तिपुरमा चियापसल सुरु गर्दै थिए । २०२६/२७ मा देउवा कीर्तिपुर आइपुगे, राजनीतिशास्त्रमा स्नातकोत्तर तहमा भर्ना भए ।

विद्यार्थी युनियनको चुनावमा उनी प्रजातन्त्रवादी समूहबाट सभापतिको उम्मेदवार भए । तर उनी र उनको टिम पराजित भयो । त्यही बेला कांग्रेसनिकट प्रजातन्त्रवादी विद्यार्थीहरू नेवि संघको स्थापनाका लागि संघर्ष गर्दै थिए ।

पञ्चायती दमन र धरपकड व्यापक थियो । त्यसको सामना गर्दै र छल्दै २०२७ सालमा नेवि संघको स्थापना भयो । कम्युनिस्ट समर्थक अनेरास्ववियु त्योभन्दा डेढ वर्षअघि नै स्थापना भइसकेको थियो । केही ढिलो गरी स्थापना भएको नेवि संघलाई सरकारले पञ्चायत व्यवस्थाविरोधी भनेर प्रतिबन्ध लगायो । विद्यार्थीहरूले मुद्दा हाले, सर्वोच्च अदालतले सरकारको निर्णय कानुनविपरीत भएकाले अवैध भनेर फैसला गऱ्यो । २०२८ सालमा चितवनमा भएको नेवि संघको दोस्रो अधिवेशनमा देउवा सभापति चुनिए । उनी सभापति भएपछि नेवि संघको अधिवेशन नै भएन । २०३६ सालमा जनमतसंग्रहको घोषणा भएपछि मात्र फागुनमा जनकपुरमा तेस्रो अधिवेशन भयो र नयाँ सभापति विमलेन्द्र निधिलाई नेतृत्वको जिम्मेवारी बुझाएर देउवा कांग्रेस केन्द्रीय नेतृत्वको बाटोतिर लागे ।

चाहे नेवि संघ होस् वा पार्टी राजनीति, चुनौती र प्रतिस्पर्धाको खासै सामना नगरी नेतृत्वको शिखरमा पुग्ने भाग्यमानी नेता हुन् देउवा । २०४८ सालदेखि निरन्तर संसद्मा चुनिने उनी एक मात्र भाग्यशाली सांसद हुन्, तर मन्त्री, प्रधानमन्त्री हुनुबाहेक सांसदका रुपमा उनको कुनै उल्लेख्य भूमिका देख्न सकिन्न । पाँच पटक त प्रधानमन्त्री नै भए । तर विडम्बना के छ भने, पाँचै पटक प्रधानमन्त्रीको पदबाट बाहिरिँदा उनले आफ्नो उत्तराधिकारीका रूपमा कांग्रेसकै अर्को कुनै नेतालाई जिम्मेवारी बुझाउन पाएको इतिहास छैन ।

यस पटक त अब प्रधानमन्त्रीको कुर्सी र बालुवाटारको बसाइ छोड्नैपर्दैनजस्तो गरी गजधम्म बसेका उनलाई हेर्दाहेर्दै प्रचण्डले मूर्ख बनाए । आफ्नो अवस्थाको सही मूल्याङ्कन र उपलब्ध विकल्पहरूको प्रयोग गर्न नसक्ने नालायक नेतृत्वको नमुना भएका छन् देउवा ।

नेतृत्वको सफलता पदको शिरमा पुग्नु मात्र होइन, ऊ कसरी बाहिरिन्छ भन्नेमा पनि निर्भर हुन्छ । प्रधानमन्त्रीबाट बाहिरिँदा देउवाले खराब उदाहरण मात्र राखेका छन् । नेपालको राजनीति न हो, के बेर र छैटौं पटक प्रधानमन्त्री !

यहाँ मैले उठाउन खोजेको देउवा र विष्टको निजी कथा होइन, नेपाली राजनीति र साधारण जनताको दूरी कति छ भन्ने हो । देउवा समाजवादी टोपी लगाएको कांग्रेसमा नेतृत्व पंक्तिको प्रतिनिधि पात्र हुन् ।

विष्टको चियापसल सर्वसाधारण गाउँले नेपालीको दैनिकीको विम्ब हो । रातसाँझ नभनी दुःखसाथ गरेको सानो कमाइबाट भए पनि विष्टले आफ्ना छोराछोरीलाई पढाए र उनीहरूले दीक्षान्तको टोपी पनि लगाए ।

तर पचास वर्षअघिको उनको पसल र आज स्थितिमा कुनै अन्तर देखिन्न । यसबीचमा मुलुकमा धेरै ठूला राजनीतिक परिवर्तनहरू भए, २०१७ सालमा खोसिएको प्रजातन्त्र पुनःस्थापित भयो । २०६२/६३ मा अझ ठूलो आन्दोलन भयो; राजतन्त्र फालियो, गणतन्त्र आयो ।

तर जनताको अवस्थामा रूपान्तरण हुन सकेन । राजनीति गर्ने नेताहरूको जीवनशैली र स्तर बदलियो, अलि राम्रो व्यवसाय गर्ने नागरिकहरूको अवस्थामा पनि केही परिवर्तन भयो होला, तर आम जनताको अवस्थामा तात्त्विक परिवर्तन आउन सकेको छैन । वृद्ध, अपांग या यस्तै अन्य भत्ता बाँड्दैमा जनताको स्तर वृद्धि र आर्थिक-सामाजिक रूपान्तरण हुने होइन ।

देउवाको मात्र पनि कुरा होइन, यही कीर्तिपुरको स्ववियुको नेतृत्व गरेर कांग्रेस र एमाले शासनकालमा मन्त्री भएकाहरूको धेरै लामो सूची बन्छ । यहीँ प्राध्यापन गरेकाहरू पनि मन्त्री भए ।

तर कसैको ध्यान मुलुकको शिक्षा सुधार्नपट्टि गएको छैन, तिनले विश्वविद्यालयको अवस्था केकस्तो छ भनेर चासोसम्म राखेको पाइन्न । सुक्खा लागेको विश्वविद्यालयबाट ज्ञानको सिञ्चन कसरी अपेक्षा गर्ने ?

न ती कसैले हिजो आफूले यातना भोगेको प्रहरी खोर, जेलको अवस्था के छ भनेर सोधखोज नै गर्छन् । राजनीति भनेको सत्ता-चटकमा बाजी मार्नु र मोजमस्ती गर्नुभन्दा बढी केही छ भनेर विश्वास गर्ने ठाउँ नै रहेन । विश्वविद्यालयमा पनि सबैको ध्यान आफ्ना मान्छेलाई पद बाँड्ने र जागिर खुवाउनेमा मात्र केन्द्रित भयो । केही भवन थपिए, थपिने क्रम जारी छ । तर यसको हालत पनि विष्टको चियापसलभन्दा माथि उठ्न सकेको छैन । अरू धेरै के भन्नु, परिचित कोही विदेशी प्राध्यापक, अध्येता नेपाल आएका बखत 'म तिमीलाई विश्वविद्यालयमै भेट्न आउँछु' भन्दा लज्जित हुनुपर्ने अवस्था छ । खाना (लन्च) खाऔं भन्ने कुरै छाडौं, सँगै चियाकफी खाऔं भन्न पनि विष्टको भन्दा गतिलो अर्को चियापसल छैन ।साभार : कान्तिपुर

## अर्थतन्त्र...

हटेका छैनन्, नयाँ प्रविधिको प्रयोग गरेर इजलास नै किनिदिन सक्ने बिचौलियाको शक्ति घटेको छैन ।
बिचौलियाको बिगबिगी

न्यायपालिकाको सबैभन्दा ठूलो समस्या भनेकै बिचौलियाको बिगबिगी हो । जिल्ला तहदेखि सर्वोच्च अदालतसम्मै न्यायपालिका बिचौलियाको नियन्त्रणमा परेको छ । प्रधानन्यायाधीशको परिवर्तनसँगै बिचौलियाहरूका अनुहार भने फरकफरक हुने गरेका छन् ।

न्यायिक नेतृत्वको गम्भीर अठोटबिना यो समस्या टर्ने सम्भव छैन । समग्र न्यायपालिका परिवार नै यसप्रति पूर्ण रूपमा प्रतिबद्ध हुनुपर्छ । अन्त्यमा, नयाँ नेतृत्वमा यसअघिका प्रधानन्यायाधीशहरूमा भन्दा केही विशिष्ट प्रकृतिका गुणहरू छन् ।

थोरै बोल्ने र सकेसम्म विवादमा आउन नचाहने तथा विवादमा आउने कामसमेत नगरेका कामु प्रधानन्यायाधीशलाई विगतमै जसरी पद र सुविधा मात्रै प्रयोग गरेर जाने छुट छैन । न्यायपालिकाका कुनकुन विन्दुमा सुधार आवश्यक छ, ऐतिहासिक प्रतिवेदनले औंल्याएकै छ ।

ती सुधार नगरी नेतृत्वलाई अवकाश हुने छुट छैन । यसका लागि आवश्यक सबै अस्त्र प्रयोग गर्नुपर्छ । कामु प्रधानन्यायाधीशको जीवनमा योभन्दा उच्चतम पदमा पुग्ने र सम्भवतः सो पदको लालसा कमै रहेकाले न्यायपालिकाको अस्तित्व बचाउन हदैसम्म लाग्नुपर्छ । पौडेल अधिवक्ता हुन् ॥ !सभार इकान्तिपुर

## भारतमा....

परीक्षण हुनाका साथै दुई सय जनाको स्क्रिनिङ गर्ने काम गरिरहेको हेल्थ डेस्कका चिकित्सक डा अनिसा साहले जानकारी दिए।

नेपालीको तापक्रम स्क्रिनिङ गर्ने गरिएको र विदेशीलाई भने एन्टिजेन नै परीक्षण गरेर पठाउने गरिएको हेल्थ डा साहले बताए।

हेल्थ डेस्कमा अहिले बिहान र बेलुकाको समयमा एन्टिजेन परीक्षण र शरीरको तापक्रम जाँच गर्ने गरिएको छ। हेल्थ डेस्कको सरसफाइ र मर्मतसम्भार गर्नुपर्ने कामलाई अघि बढाउन पनि कर्मचारीलाई निर्देशन दिएको प्रमुख प्रशासकीय अधिकृत पौडेलले बताए।

## तिलावे....

प्रयोग गरिरहेका हुन्थियो । खास गरि बिरगंज महानगरपालिका वडा नं.१७ अलौ र वडा नं.१९ बिन्दवासिनीका बासिन्दाहरु नुहाउने र बिभिन्न चाडपर्वहरुमा महिलाहरु नुहाउने तथा पुजापाठ गर्दै आएका थिए।

तर आज यस्तो बिडम्बना छ । केही वर्ष देखि यो तिलावे नदिमा धेरै जसो कल कारखानाहरुको फोहरमैला तिलावे नदीमा फाल्दै आईरहेका छन् । सार्वजनिक ठाउँ लाई सफा र व्यवस्थित गर्नुको सट्टा फोहरमैला फालेर प्रदुषण गर्नु कहा सम्म उचित रहेको छ ।

## जन्मदिनका.....

**आचार्यले रु. ३९२२२/- अक्षरेपी उन्नचालिस हजार दुई सय बाईस रुपैया बराबरको कपडा वितरण गरिएको छ ।**

**विगतको वर्ष देखि अमेरिका बस्ने वरिष्ठ समाजसेवी प्रकाश आचार्यले पिसफोर दलितस फाउन्डेसन नेपाल , मधेश प्रदेश , पर्साको कामको मुल्यांकन गरि आफ्नो र छोराको जन्म दिनको अवसरमा उपहारस्वरूप आर्थिक तथा कापीकलम , खाना खुवाउनेमा सहयोग गर्दैआउनु भएको छ। यस कार्यक्रममा पिसफोर दलितस फाउन्डेसन नेपालको सचीव दिपेन्द्र कुमार राम , सदस्य तथा दलित नेता परमानन्द राम , सदस्य सुरेन्द्र पासवान,अशोक राम तथा दलित अगुवाको उपस्थिती रहेको थियो ।पिसफोर दलितस फाउण्डेशन नेपालका अध्यक्ष तथा दलित सामाजिक अभियान्ता मनोज रामले जानकारी दिए ।**

## विदेशबाट ....

अतिरिक्त मोबाइल ल्याउने क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवरोध भएपछि प्रधानमन्त्री कार्यालयले अर्थ मन्त्रालयलाई पुनः निर्देशन दिएको हो ।

विदेशबाट फर्किँदा दुई वटा मोबाइल ल्याउने विषयलाई सरल र सहज बनाउन नीतिगत जटिलता भए, त्यसलाई फुकाउन समेत प्रधानमन्त्री दाहालले निर्देशन दिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

यात्रुले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोजनका मालवस्तुसम्बन्धी आदेशमा विदेशबाट फर्किने यात्रुले एउटा मात्रै मोबाइल ल्याउन पाउने व्यवस्था छ ।

त्यही व्यवस्थालाई देखाएर भन्सारका कर्मचारीले एउटाभन्दा बढी मोबाइल ल्याएमा भन्सार शुल्क तिराउने गरेका छन् ।

## पर्सामा.......

पर्साका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक दिपक गिरिले भने सुदामा देवीको छिमेककै ४० वर्षीया महिला विन्दा देवीसँग भाँडाकुडाको विषयलाई लिएर झगडा भएर आपसमा कुटपिट भएको जानकारी आफुले पाएको बताए ।

झगडामा सुदामा देवी र विन्दा देवी दुवै जना सामान्य घाइते भएको उनको भनाई छ ।

गिरीले भने , बोक्सी आरोप लगाएको भन्ने विषयमा प्रहरीलाई जानकारी छैन, त्यस्तो व्यवहोराको उजुरि पनि परेको छैन ,मातहतको प्रहरी कार्यालयले भाँडा वर्तनको विषयलाई लिएर दुई जना महिलाबीच झगडा भएको भनेर सूचना दिएको छ ।'

# रोट्र्याक्ट क्लबद्वारा विपन्न परिवारलाई न्यानो लुगा वितरण



वीरगञ्ज, १९ पुष । रोट्र्याक्ट क्लब अफ बिराटनगरले बढ्दै गरेको चिसोलाई मध्यनजर गर्दै न्यानो लुगा वितरण गरेको छ ।

क्लबका पूर्व अध्यक्ष रोहित रौनियार, प्रेम पारक, अन्शु निरौला, अनिल रौनियार लगायतले बिराटनगरका आसपासका बस्तीमा पुगेर गरिब, विपन्न एवम् अशक्तहरुलाई न्यानो लुगा वितरण गरेका हुन् ।

बिराटनगर महानगरपालिका वडा नम्बर १२ बखरीका ३५ बिपन्न परिवारलाई न्यानो लुगा वितरण गरिएको हो । बिराटनगरका थोक कपडा बिक्रेताहरुको सहयोगमा उपलब्ध कपडा विभिन्न उमेर समूहका व्यक्तिहरुलाई वितरण गरिएको हो ।

यसअघि बिराटनगर ७ स्थित माया छात्राबासमा पनि चिसो मौसममा लगाउन बाक्लो मोजा वितरण गरिएको थियो । साथै आगामी दिनमा पनि क्लबले सामाजिक कार्यलाई निरन्तरता दिने क्लबका कोषाध्यक्ष प्रेम पारखले जानकारी दिए ।

# शीतलहर पछि वीरगन्जका विद्यालय बन्द




पर्सा । सोमबारदेखि जारी शीतलहरले जिल्लाको जनजीवन प्रभावित भएको छ। चिसो सिरेटो चल्दा अत्यधिक जाडो अनुभव गरिँदै छ । शीतलहरले बालबालिका र वृद्धवृद्धालाई बढी समस्या हुने गरेको छ ।

जाडोबढेसँगे वीरगन्ज महानगरपालिकाको कार्यालयले सोमबार सूचना जारी गरी महानगर क्षेत्रका विद्यालय मंगलबारदेखि शुक्रबारसम्म बिदा दिएको छ । हिउँदे बिदामा कट्टा हुनेगरी बिदा दिइएको हो। मंगलबारदेखि महानगरका प्राय: अधिकांश सामुदायिक र संस्थागत विद्यालय बन्द छन्। जिल्ला अधिकांश गाउँ तथा नगरपालिकाका विद्यालय हाल बन्द गरिएका छन् ।

सर्वसाधारण तथा बटुवाको सहजताका लागि वीरगन्ज महानगरपालिकाको कार्यालयले महानगरका मुख्य मुख्य चोकहरुमा आगो ताप्ने दाउराको व्यवस्था गरेको छ। मानव सेवा आश्रम वीरगन्ज तथा स्वयंसेवी युवाहरुको समूहले रातको समयमा सडकपेटीमा सुत्नेहरुलाई न्यानो कपडा र सिरक वितरण गर्ने अभियान नै चलाएको आश्रमका अभिभावक प्रकाश थारुले बताए ।

# वीरगञ्जमा ३ दिने प्रदेशस्तरीय नमुना सयुँक्त राष्ट्र युवा सम्मेलनको आयोजना



वीरगञ्ज, १९ पुष। वीरगञ्जमा मधेश प्रदेशस्तरीय नमुना सयुँक्त राष्ट्र युवा सम्मेलनको आयोजना गरिएको छ ।

अमेरिकी दूतावाससँगको सहकार्यमा वैचारिक युवा समाजले ३ दिने प्रदेशस्तरीय नमुना सयुँक्त राष्ट्र युवा सम्मेलनको आयोजना गरेको हो ।

यही पुष १९ गतेसम्म चल्ने सम्मेलनको प्रतिनिधि सभा सदस्य प्रभु हजरा र नेपाल पत्रकार महासंघ पर्साका सभापति अनुप तिवारीले सयुँक्त रुपमा उद्घाटन गरेका थिए ।

सम्मेलनलाई सम्बोधन गर्दै सांसद हजराले युवाहरुको एकरुपताले नै परिवर्तन सम्भव हुने बताए । युवा नेतृत्वदायी भूमिकामा पुग्नका लागि यस्ता सम्मेलनले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताउँदै उनले सकरात्मक सोचको विकास गर्नुपर्नेमा जोड दिए ।

युवा सशक्तीकरणका लागि आफु सँधै प्रतिबद्ध रहेको सांसद हजराको भनाई थियो । हरेक किसिमका परिवर्तनकारी अभियान एवम् आन्दोलनहरुमा युवाहरुको सक्रियतासँगै महत्वपूर्ण भूमिका रहेको बताउँदै नेपाल पत्रकार महासंघ पर्साका सभापति अनुप तिवारीले देश विकासका आधार पनि युवा नै भएको दावी गरे ।

अथाह सम्भावना र क्षमता भएका युवा शक्तिलाई देशले सही ढंगले परिचालन गर्न नसकेकोमा चिन्ता व्यक्त गर्दै सभापति तिवारीले सरोकारवालालाई झकझक्याउनका लागि पनि युवा एकताको आवश्यक्ता औंल्याए ।

सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै सञ्चारकर्मी सूर्यनारायण वि.क.ले सम्मेलनबाट धेरै भन्दा धेरै कुरा सिकेर लाभ लिन सहभागीहरुलाई आग्रह गरेका छन् ।

उनले भने, 'धेरैभन्दा धेरै कुरा सिकेपछि मात्रै ऊ बजारमा बिक्न सक्छ, र बिक्दा पनि सिकेका मान्छेको भाउ बढी हुन्छ । सिक्नु र बिक्नु मात्रै ठूलो कुरा नभई टिकीराख्न चुनौतीको विषय हो, त्यसैले तपाईहरु सिक्नुहोस्, बिक्नुहोस् अनि टिक्नुहोस् पनि ।

सम्मेलनमा मधेश प्रदेशका विभिन्न जिल्लाहरुबाट सँगै गोर्खा, कास्की पोखरा लगायतका स्थानबाट पनि युवाहरु सहभागी भएका छन्। वीरगञ्जबाट अखिल पटेल, सरन गुप्ता, आदर्शशुभम कर्ण लगायत विभिन्न जिल्लाबाट उपस्थित सहभागीहरुले विकास तथा परिवर्तनसँगै नीति एवम् कानुनी जटिलतासहित विभिन्न अजेण्डाहरुमा आधारित भएर बहस एवम् छलफल गर्दै कार्यविधि बनाउनेछन् ।

शिक्षासँगै विकासको दृष्टिकोणमा पनि पछाडी रहेको मधेश प्रदेशका घटनाक्रममा आधारित भएर सहभागीहरुले छलफल गर्नेछन् ।

यहाँका समस्या, चुनौतीसँगै सम्भावनाका विषयमा छलफल हुनुका साथै बहुपक्षित कुटनीतिक परिवेशका विषयमा पनि सम्मेलनमा चर्चा हुने सम्मेलनका संयोजक दिलिप हजराले जानकारी दिए ।

वैचारिक युवा समाजले आफ्नो सञ्जाल विस्तार गर्न र युवाहरुको क्षमता अभिवृद्धि एवम् व्यक्तित्व विकासका निमित्त सम्मेलनको आयोजना गरेको हजराले बताए ।

युवा सम्मेलन उद्घाटन सत्रको सहजीकरण सञ्चारकर्मी एवम् सम्मेलनका डाइरेक्टर विवेक कर्णले गरेका थिए ।

# मधेश प्रदेश :आत्महत्या गर्न दुरुत्साहन गर्नेलाई एक वर्ष कैद



रासस- सप्तरी, पुस १९ गते ।

१७ वर्षीया बालिकालाई आत्महत्या गर्न दुरुत्साहन गर्ने दुई जनालाई सोमबार कैद र जरिवानाको फैसला भएको छ। पहिलोपटक सप्तरी जिल्ला अदालतबाट गम्भीर अपराधको घटना मिलाउन दबाब दिनेलाई डाक्नेश्वरी नगरपालिका-७ ब्रहमपुर ललितपुरका ५० वर्षीय शत्रुघन मण्डल र ४५ वर्षीय उचितलाल मण्डललाई एक वर्ष कैद सजायको फैसला भएको हो ।

जिल्ला न्यायाधीश हेमन्त रावलको इजलासले सो फैसाला र गरेको हो । साथै आरोपितहरूको नजिकका नातेदार रहेका उनीहरूबाट रु २५ हजार पीडित परिवारलाई क्षतिपूर्तिवापतको रकम भराउनुपर्ने पनि फैसला पनि भएको अदालतका श्रेस्तेदार कुमार मास्केले बताए ।

बलात्कारको घटनापछि आरोपितहरूविरुद्ध उजुरी गर्न रोक लगाउँदै उनीहरुले पीडित परिवारलाई प्रहरीकहाँ उजुरी गरे गाउँ निकाला गर्ने र सामाजिक बहिष्कार गर्ने चेतावनी दिएका थिए ।

न्याय पाउने आशा मरेपछि घटनाको भोलिपल्टै पीडित बालिकाले आत्महत्या गरेकी जनाइएको छ ।

शत्रुघनका दाजु ६५ वर्षीय जयकान्त मण्डल, भाइ ४५ वर्षीय देबु मण्डल, सोही गाउँका ५० वर्षीय सत्यनारायण मण्डल, ६० वर्षीय वासुदेव मण्डल, ४५ वर्षीय बिन्देश्वर मण्डल र वंशराज मण्डललाई जनही रु २० हजार जरिवाना गर्ने फैसला भएको छ ।

निजहरू सबैबाट समेत जनही रु २५ हजार पीडित परिवारलाई क्षतिपूर्तिवापतको रकम भराउने फैसला भएको अदालतका श्रेस्तेदार मास्केले बताए ।

सामूहिक बलात्कारका मुख्य आरोपित १७ र १६ वर्षीय दुई बालकलाई कसुरदार ठहर गरी सजाय निर्धारणका लागि यही पुस २८ गतेको मिति निर्धारण गरिएको छ । बलात्कारको आरोपमा २०७७ असोज १ गते पक्राउ परेका दुई बालक अदालतको आदेशमा असोज २७ गतेदेखि पुर्पक्षका लागि बाल सुधारगृह वीरगञ्जमा छन् ।

सोही घटनामा 'वारेण्ट'पछि अदालतमा हाजिर भएका २७ वर्षीय धर्मदेव मण्डललाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुने ठहर गरिएको छ। अर्का फरार २५ वर्षीय विसु भनिने विष्णु मण्डलको हकमा पक्राउ परेपछि फैसला हुने गरी मुद्दा मुल्तबी राख्ने फैसला भएको छ।

प्रहरीले आत्महत्या दुरुत्साहनमा जयकान्त, वासुदेव र सत्यनारायणलाई २०७७ भदौ ३० गते नै पक्राउ गरेको थियो। उनीहरु जनही रु एक लाख १० हजार धरौटी राखेर पुर्पक्षका लागि रिहा भएका थिए । प्रहरीले राजविराजबाट २०७७ पुस ६ गते शत्रुघनलाई पक्राउ गरेकामा अदालतको आदेशानुसार पुस ८ गते रु दुई लाख धरौटी राखी पुर्पक्षका लागि रिहा भएका थिए ।

आफ्नो धानखेतमा पानी हेर्न गएकी बालिकामाथि २०७७ भदौ २९ गते बिहान सामूहिक बलात्कार भएको थियो । बलात्कारको उजुरी गर्न पञ्चहरूले रोक लगाएपछि घटनाको दोस्रो दिन भदौ ३० गते उनले आत्महत्या गरेकी थिइन् ।

सामूहिक बलात्कार घटनाका आरोपितहरूविरुद्ध प्रहरीकहाँ उजुरी गर्न गाउँलेले नै रोक लगाउँदै धम्कीपूर्ण चेतावनी दिएपछि पीडित बालिकाले घरमै झुण्डिएर आत्महत्या गरेको भन्दै पीडितकी आमाले उजुरी दिएका थिए।

# रौतहट २ का स्वतन्त्र सांसद किरण साह एमाले प्रवेश



वीरगंज । रौतहट-२ का स्वतन्त्र सङ्घीय सांसद किरण कुमार साह नेकपा एमाले पार्टीमा प्रवेश गरेका छन्।

सोमबार साँझ बालकोटमा पार्टी अध्यक्ष केपी शर्मा ओलीले स्वतन्त्र सांसद साहलाई एमालेमा प्रवेश गरेका हुन्। पूर्व प्रधानमन्त्री तथा एमाले अध्यक्ष ओलीले स्वतन्त्र सांसद किरण साहलाई खाँदा ओढाएर टीका लगाई विधिवत् रूपमा पार्टी प्रवेश गराएका थिए ।

उक्त अवसरमा केपी शर्मा ओलीसँगै अर्थमन्त्री विष्णु पौडेल, रौतहट क्षेत्र १ का सङ्घीय सांसद प्रत्याशी अजयकुमार गुप्ता, प्रदेश सांसद प्रत्याशी राजकिशोर यादव, एमालेका स्थानीय नेता शेख फजिले हक लगायतको उपस्थिति रहेको थियो।

गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा स्वतन्त्र उम्मेदवार किरण साहले तत्कालीन सत गठबन्धनका उम्मेदवार तथा पुर्व मन्त्री हाल नख्खु कारागारमा रहेका महमद आफताभ आलमका छोरा फोर्दोस आलमलाई झन्डै ७ हजार मतको अन्तरले पराजित गरी विजयी भएका थिए।

# पर्सामा बोक्सी भन्दै दलित महिलालाई कुटपिट गरिएको पिडित पक्षको आरोप

वीरगन्ज ,१८पुस : पर्साको जगरनाथपुर गाउँपालिका वडा नम्बर ३ खलुचडीमा एक दलित महिलालाई बोक्सीको आरोपमा कुटपिट गरि घाइते बनाएको घटना प्रकाशमा आएको छ ।

खलुचडीकी दलित महिला ६० वर्षीया सुदामा देवी चमईनलाई गाउँकै चार जनाले बोक्सीको आरोप लगाएर आइतबार निर्घात कुटपिट गरि घाइते बनाएको सुदामा देवीका छोरा प्रभु रामले बताए ।

कुटिपिटबाट गर्दन, टाउको र शरिरका विभिन्न भागमा चोट लागेर घाइते भएकि सुदामा देवीको वीरगन्ज स्थित नारायणी अस्पतालमा उपचार भईरहेको छ ।

छोरा प्रभुका अनुसार , आईतबार साँझ घरमै घुर तापेर



बसिरहेका बेला सुदामा देवीलाई स्थानीय नबी आलम राउत गदी, रैफुल मास्टर राउत गदी, बासुदेव महरा चमार र सुरेश महरा चमारले बोक्सीको आरोप लगाउँदै कुटपिट गरेका थिए ।उनिहरुले सुदामा देवीलाई मानव मलमुत्र खुवाउने प्रयास पनि गरेको तर स्थानियले रोकेको छोरा प्रभुले बताए ।

प्रभुले भने, आइतबार म नयाँ साल मनाउन पिकिनक गएको थिए, त्यहि मौका छोपेर छिमेककै चार जनाले मिलेर आमालाई बोक्सीको आरोप लगाउदै बाँसको भाटाले हानेर निर्घात कुटपिट गरेछन् , घर आई पुग्दा आमालाई सिकिस्त देखेपछि प्रहरीलाई खबर गरे , प्रहरीकै सहयोगमा एम्बुलेन्समा राखेर वीरगन्जमा ल्याएर भर्ती गराए ।

यसअघि पनि गाऊघरमा कोहि बिरामी पर्दा आमाले गर्दा नै बिरामी परेको भनेर आक्षेप लगाउने गरिएको प्रभुको भनाइ छ ।

आइतबार भएको घटनामा संलग्नहरु विरुद्ध गाँउकै प्रहरी चौकीमा उजुरी समेत दर्ता गराएको उनले बताए ।

बाँकी तेश्रो पृष्ठमा